हरियो वन कार्यक्रम


समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजना तयारी तथा कार्यान्वयन

# हाते पुस्तिका

२०७०









USAID
FROM THE AMERICAN PEOPLE

WWF

care

Federation of Community Forestry Users, Nepal (FECOFUN)

TRUST FOR NATURE
NATIONAL CONSERVATION
NEPAL. 1982

## प्रकाशन श्रेय


**© केएर नेपाल**
यस हाते पुस्तिकाको पूर्ण वा आंशिक भागको पुनरुत्पादन गरिएमा पुस्तिकाको शीर्षक उल्लेख गरिनु पर्ने छ र माथि उल्लेखित प्रकाशकलाई सर्वाधिकारको श्रेय दिइनु पर्ने छ ।



**अवधारणा तथा लेखन:** प्रतिमा श्रेष्ठ, डा. सुनिलकुमार रेग्मी, शिखा श्रेष्ठ

**सम्पादन:** ऋचा भट्टराई र हरि गौतम

**चित्र:** © केएर नेपाल/हरियो वन कार्यक्रम र डब्लु डब्लु एफ नेपाल/हरियो वन कार्यक्रम

**चित्रकार:** WPS (केएर नेपाल मार्फत) र उत्तम नेपाल (डब्लु डब्लु एफ नेपाल मार्फत)
यस हाते पुस्तिकामा प्रयुक्त चित्रकलाको सर्वाधिकार केएर नेपाल तथा डब्लु डब्लु एफ नेपालमा निहित छ ।

**प्रकाशक:**
हरियो वन कार्यक्रम, केएर नेपाल
सम्पर्क: पो.ब.नं. १६६१, ४/२८८, समता भवन धोबीघाट, ललितपुर
फोन : +९७७-१-५५२२८०० । फ्याक्स : +९७७-१-५५२१२०२
इमेल : care@np.care.org । वेब : www.carenepal.org

**फिल्ड अफिस:**
हरियो वन कार्यक्रम, केएर नेपाल
लेखनाथ मार्ग - ९, पोखरा
फोन: ०६१-५२२२४२/४३

**यो पुस्तिका यहाँ पनि उपलब्ध छ:**
http://www.carenepal.org/publication.php
हरियो वनका लागि
इमेल: hariyobanprogram@wwfnepal.org
वेबसाइट: www.wwfnepal.org/hariyobanprogram

**मुद्रण तथा सज्जा: वर्ल्डवाइड प्रिन्ट सोलुसन**, wpsnepal@gmail.com, ५५५५९८९


***डिस्क्लेमर:***
*यो हाते पुस्तिका अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु हरियो वन कार्यक्रमका लागि केएर नेपाल र अन्य साझेदारी संस्थाको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।*


***हरियो वन प्रकाशन संख्या:*** *हाते पुस्तिका ०३४*

# यस हाते पुस्तिकाको उद्देश्य

- चित्रका माध्यमबाट स्थानीय श्रोत व्यक्तिहरूलाई समुदायमा जलवायु परिवर्तनले विभिन्न क्षेत्रगत स्तरमा निम्त्याएका जोखिम र त्यसलाई सामना गर्ने अनुकूलनका उपायहरूबारे प्रष्ट पार्न सजिलो हुन,
- स्थानीय श्रोत व्यक्तिहरूलाई समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजना तयारी तथा कार्यान्वयन गर्न समुदाय, सरोकारवालाहरूलाई सहजीकरण गर्न सजिलो हुने,
- सामाजिक परिचालन मार्फत स्थानीय स्तरमा समानुकूलित समुदाय बनाउन अभिप्रेरित गर्ने ।

# पुस्तिका प्रयोग गर्ने तरिका

यस पुस्तिकामा जलवायु परिवर्तनले विभिन्न ६ वटा प्राथमिकता प्राप्त क्षेत्रहरूमा पार्ने असर विश्लेषण (पृष्ठ ६ देखि २३), जलवायु परिवर्तन अनुकूलनका उपायहरू (पृष्ठ २४ देखि ३९), अनुकूलन योजना कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन (पृष्ठ ४० देखि ४३) गरी समानुकूलित समुदायको निर्माण गर्ने सन्देश (पृष्ठ ४४) दिएको छ ।


- सर्वप्रथम चित्रहरू देखाउने,
- चित्रमा देखाएका कुरा, विषयवस्तु, मानिस आदिको बारेमा छलफल गर्ने,
- चित्रमा देखाएका विभिन्न समस्या, समाधानका उपायहरू र आफ्नो स्थानीय स्तरमा देखेका समस्याबारे छलफल गर्ने,
- छलफलको निष्कर्षसँगै मूल सन्देशको बारेमा छलफल गर्ने ।


# बढ्दो मौसमी भिन्नता





- जलवायु परिवर्तनले सिर्जना गर्ने मौसमी भिन्नतामा कतै धेरै पानी त कतै कम पानी, गर्मी याममा धेरै गर्मी र जाडो याममा धेरै जाडो हुने पुष्टि भएको छ ।
- मुसलधारे वर्षा हुँदै गर्दा र हुनु अगाडि बढी चट्याङ परेर जीउधनको क्षति बढेको छ ।
- खोलानाला सुक्दै गएका छन् र भूमिगत जलभण्डारको सतह घट्दै गएको छ ।
- कुवा, इनार, चापाकलको गहिराइ बढाउनु परेको छ । तराई र भित्री मधेसमा भूमिगत जलमा आश्रित समुदायमा खानेपानी र सिँचाइमा संकट देखापर्न थालेको छ ।
- यसबाट विपन्न तथा सीमान्तकृत वर्ग, महिला, बालबालिका, वृद्ध र अशक्त व्यक्तिहरू बढी प्रभावित भएका छन् ।
- जलवायु परिवर्तनको असर सबै समुदायमा पर्ने भए पनि दलित तथा भौगोलिक रूपमा पिछडिएका वर्गहरू, विपन्न तथा सीमान्तकृत वर्गहरूलाई नै सीधा असर पर्दछ ।
- जोखिमलाई न्यून गर्ने साधन, स्रोत र क्षमताको कमी भएका कारण यी वर्गहरूमा यसको असर बढी परेको छ ।

# बढ्दो मौसमी भिन्नता









# कृषि उत्पादनमा कमी र खाद्य सुरक्षा जोखिममा




- विभिन्न प्रकोपका घटना जस्तै बाढी, पहिरो तथा सुख्खाले कृषि उत्पादनमा ह्रास आएको छ ।
- साथसाथै कीट्नाशक विषादीको बढ्दो प्रयोगले खेतबारी पनि बन्जर बन्दै गएको छ ।
- माटोमा चिस्यानको मात्रा कम भई सुख्खा बढ्नाले कृषि उत्पादन घट्दै गएको छ ।
- अतिवृष्टिको कारण नदीमा आएको बाढी कृषियोग्य भूमिमा प्रवेश गरी बाली पुरिएर, कटान भएर वा डुवानमा परी कृषि उत्पादनमा कमी भएको छ ।

# कृषि उत्पादनमा कमी र खाद्य सुरक्षा जोखिममा








# वन तथा जैविक विविधतामा ह्रास




- विभिन्न प्रकोपहरू (आगलागी, बाढी पहिरो), जलवायु परिवर्तनका असर, तथा जनसंख्याको चाप, वन विनास, अवैध कटानी, जस्ता कारणले वन क्षेत्रमा भएका जैविक विविधताहरू घट्दै सोचनीय अवस्थामा पुगेका छन् ।
- तापक्रममा वृद्धि, हिमगलन तथा पानीका स्रोतहरूको कमी आदि कारणहरूले जैविक विविधताको लागि आवश्यक पर्ने प्राकृतिक वातावरणमा संकटको अवस्था देखिइसकेको छ र यो अझ बढेर जाने क्रममा छ ।
- विभिन्न जीव तथा वनस्पतिका प्रजातिहरूको हालको वासस्थान परिवर्तन हुने वा लोप हुने खतरा बढेर गएको छ ।
- अनुकूल वातावरणको खोजी गर्दै केही प्रजातिहरू तल्लो क्षेत्रबाट माथिल्लो क्षेत्र वा बढी उचाइ भएको क्षेत्रतिर सर्दै जान थालेका छन् ।


# वन तथा जैविक विविधतामा ह्रास







# विभिन्न क्षेत्रमा मिचाहा प्रजातिको आगमन



- भिन्ना भिन्नै मिचाहा प्रजातिले विभिन्न पारिस्थितिकीय प्रणाली (वन, कृषि तथा जल) मा भिन्ना भिन्नै असर गरेको छ ।
- मिचाहा प्रजाति व्यवस्थापनमा बढी समय दिनु पर्ने, विषेशगरी महिलाहरूलाई खेत तथा जङ्गलको झाडी सरसफाइमा बढी मिहिनेत गर्नु पर्ने ।
- मिचाहा प्रजातिले प्राकृतिक सौन्दर्य नाश गर्ने ।

# विभिन्न क्षेत्रमा मिचाहा प्रजातिको आगमन





© केएर नेपाल

# अनिश्चित जलवायुजन्य प्रकोपहरुमा वृद्धि




- जलवायु परिवर्तनका कारण प्रकोपका घटना दोहोरिने क्रममा वृद्धि हुनेछ । नेपालमा विशेषगरी बाढी, पहिरो, खडेरी, असिना, हुरी/बतास, चट्याङ्ग, हिमताल विस्फोटन, अनावृष्टि जस्ता प्रकोपहरू वृद्धि हुने देखिन्छ ।
- खडेरीको अवस्थाले वन तथा बस्तीमा आगलागी जस्ता प्रकोपहरू बढेका छन् ।
- आँधी, हुरी जस्ता मौसमजन्य प्रकोपका कारणले जनजीविकाका आधारहरू जस्तैः घरगोठ, बालीनाली, आवादी जग्गा तथा वन क्षेत्र क्षति हुने त्रास बढ्न थालेको छ ।
- खेत बस्ती डुबान, नदीको धार बदलिने, बाढी, नदीतटीय क्षेत्रमा कटान र खडेरीले मानिस तथा जीवहरूलाई आक्रान्त पारेको छ ।

# अनिश्चित जलवायुजन्य प्रकोपहरुमा वृद्धि










# जलश्रोत तथा उर्जाको कमी




- वर्षामा आएको भिन्नताका कारणले जलाधार र जलाशयमा पानीको मात्रा घट्दै गएको छ र कृषिको लागि आवश्यक पानीको उपलब्धता न्यून भएको छ ।
- पानीको अभावको कारण समाजमा झैं-झगडाको अवस्था सृजना भएको छ ।
- पानीको खोजीमा बसाइ-सराइ गर्नुपर्ने स्थिति आएको छ ।
- एक गाग्री पानी लिन महिला पुरूष दुवैलाई टाढा जानु पर्ने र साथसाथै शारीरिक कठिनाई भोग्नु परेको अवस्था छ ।
- विशेषत: महिलाहरूलाई पानी तथा दाउराको खोजीमा धेरै समय बिताउनु पर्दा घरको काममा कठिनाइ भएको छ ।

# जलश्रोत तथा उर्जाको कमी







# जनस्वास्थ्यमा असर – महामारी र रोगव्याधिको वृद्धि




- जलवायु परिवर्तनका कारण बाढी आएर हैजा, झाडापखाला, औलो, कालाजार तथा अन्य सरूवा रोगको वृद्धि हुने गर्दछ ।
- जलवायु परिवर्तनबाट सिर्जित विषम परिस्थितिको मारमा गरिब र सीमान्तकृत समुदाय बढी पर्छन् ।
- जलवायु परिवर्तनको प्रभावप्रति महिलाहरू बढी नै संवेदनशील हुन्छन् । जलवायु परिवतर्नका कारण तापक्रममा वृद्धि हुँदा युवावस्थामा हार्मोनको विकास छिटो छिटो हुन्छ र शरीरको तापक्रमको असन्तुलनले गर्दा प्रजनन स्वास्थ्यमा समेत असर गर्दछ ।

# जनस्वास्थ्यमा असर – महामारी र रोगव्याधिको वृद्धि




# वासस्थान तथा भौतिक संरचनामा क्षति




- जलवायु परिवर्तनले सृजना हुने अनिश्चित बाढीले वासस्थान डुबानमा पर्न सक्ने । डुबानको समय विशेषत: महिला, बालबालिका तथा वृद्ध-वृद्धालाई धैरै असर हुने ।
- पहिरो बाढीको कारण बसाइ-सराइ गर्नु पर्ने ।
- भौतिक निर्माणका संरचनाहरू भत्किइ आर्थिक क्षति हुने ।
- बढ्दो सहरीकरणलाई थेग्ने खानेपानीका स्रोतहरू एकातर्फ लामो सुख्खाको कारण सुक्दै छन् भने अर्को तर्फ भूमिगत जल भण्डारको पुनर्सिञ्चिती पर्याप्त नहुने ।

# वासस्थान तथा भौतिक संरचनामा क्षति














# विभिन्न वर्गमा पर्ने भिन्नभिन्न प्रभावबारे सजगता



- जलवायु परिवर्तनबाट सृजना हुने बाढी, पहिरो, भू-क्षय, सुख्खा तथा खडेरी, आगलागी आदिले विशेषत: गरिब, महिला, दलित, पछाडि पारिएका वर्ग, बालबालिकालाई धेरै प्रभाव पार्दछ ।
- प्रकोप पश्चात महिलाहरू धेरै हिंसाको सिकार हुने गर्दछन् ।
- महिलाहरूले विशेषत: घर तथा बालबच्चाहरूको हेरविचार गर्ने जिम्मेवारी वहन गर्नाले आपत्‌विपद्‌मा उनीहरूलाई बचाउन खोज्दा महिलाहरूको जीवन बढी जोखिममा परेको हुन्छ ।
- जलवायु परिवर्तनबाट कृषिक्षेत्रमा पर्ने नकारात्मक प्रभावहरूका कारण पनि धेरै युवाहरू विदेशिनु पर्ने बाध्यता रहन सक्दछ ।
- यस्तै गरेर, खाद्यान्न सुरक्षाको कमीले गर्दा घरमा सबैभन्दा अन्तिममा खाने महिलालाई बढी भार पर्न सक्दछ । यसका साथै, घरमा अन्न र पैसा जुटाउने जिम्मेवारी वहन गर्न नसक्दा हीनता बोधले गर्दा घरेलु हिंसामा पनि धेरै वृद्धि हुन सक्दछ ।

# विभिन्न वर्गमा पर्ने विभिन्न प्रभावबारे सजगता













# जलवायु अनुकूलन योजना तर्जुमा गर्दा ख्याल गर्नु पर्ने प्राथमिकता प्राप्त क्षेत्र तथा रणनीतिहरु

| प्राथमिकता प्राप्त क्षेत्रहरू | रणनीतिहरू |
|---|---|
| वन तथा जैविक विविधता, | जलवायु उत्थानशील जीविकोपार्जन रणनीतिको बिस्तार, |
| कृषि तथा खाद्य सुरक्षा, | विपद् जोखिम न्यूनीकरण रणनीतिद्वारा संकटाभिमुख घरधुरीहरूमा प्रकोपको खतरा न्यून गर्ने, |
| जलश्रोत तथा उर्जा, | स्थानीय नागरिक समाज र सरकारी संघसंस्थाहरूको क्षमता अभिवृद्धि गर्ने, |
| मानव स्वास्थ्य, | जलवायु जोखिमताका प्रमुख कारणहरूलाई न्यून गर्न जनवकालत र सामाजिक परिचालन गर्ने । |
| जलउत्पन्न प्रकोप, | |
| सहरीकरण तथा वासस्थान । | |

# जलवायु अनुकूलन योजना तर्जुमा गर्दा ख्याल गर्नु पर्ने प्राथमिकता प्राप्त क्षेत्र तथा रणनीतिहरु





(स्रोतः केएर, २०१२)


# कृषि तथा खाद्य सुरक्षामा अनुकूलनका उपायहरु




- कृषिमा उन्नत बालीहरूको विकास गर्ने,
- मिश्रित बाली लगाउने,
- समय समयमा खेती प्रणाली परिवर्तन गर्ने,
- कृषक समूह बनाई कार्य गर्ने, स्थानीय कृषि सेवामा गई परामर्श लिइ संगठित भई कार्य गर्ने,
- उन्नत जातको पशुपालन गर्ने,
- कृषक पाठशालामा नियमित बैठक बसी भैपरी आउने समस्याबारे छलफल गर्ने र समाधानका उपायहरू स्थानीय स्तरमै खोजी गर्ने,
- भिरालो जमिनमा गह्रा पद्धतिबाट खेती गर्ने, जैविक बार तथा बन्धनको प्रयोग गर्ने ।
- सुख्खा क्षेत्रमा सामूहिक आकाशे पानी संकलन गरी थोपा सिंचाइको व्यवस्था गर्ने, पानी पुनः प्रयोग गर्ने,
- कम्पोष्ट मल तथा जैविक मल बनाई प्रयोग गर्ने,
- एकीकृत रोग तथा कीरा नियन्त्रण (आइ.पि.एम) विधि अपनाउने,
- रोग तथा कीरा देखिहालेमा तुरुन्त छरछिमेकीलाई भन्ने र कृषि तथा पशु सेवामा गई परामर्श लिने दिने,
- बाली लगाउने समय फेरबदल गर्ने,
- बीउ बैंकको स्थापना मार्फत बीउ जोगाएर राख्ने ।

# कृषि तथा खाद्य सुरक्षामा अनुकूलनका उपायहरु







# वन तथा जैविक विविधतामा अनुकूलनका उपायहरु



- खाली जग्गामा वृक्षारोपण गर्ने, रैथाने र लोपोन्मुख प्रजातिका बिरूवाहरू लगाउने,
- वनको वैज्ञानिक व्यवस्थापनमा जोड दिने,
- पहिरो, भू-क्षय ग्रस्त क्षेत्रहरूमा बाँस, अम्रिसो जस्ता वनस्पतिका बिरूवा रोप्ने,
- मिश्रित प्रजातिका बिरूवा रोप्ने,
- वनलाई आगलागीबाट बचाउन अग्निरेखाको निर्माण गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी सचेतीकरण र सचेतनाका तालिमहरू गर्ने,
- स्थानीय संस्थाहरूको क्षमता विकासका कार्यहरू गर्ने,
- चरिचरनको उचित व्यवस्थापन गर्ने,
- खेर गएको जग्गा तथा बाटो छेउमा बोटबिरूवा लगाई जैविक मार्गको रूपदिने,
- स-साना पानी पोखरीहरूको संरक्षण तथा निर्माण गर्ने ।

# वन तथा जैविक विविधतामा अनुकूलनका उपायहरु




# जलश्रोतमा अनुकूलनका उपायहरु




- पानी मुहान संरक्षण गर्ने तथा मुहान क्षेत्रमा वृक्षारोपण गर्ने,
- पानीको सदुपयोग तथा पुन: प्रयोग गर्ने बानी बसाल्ने,
- आकाशे पानीको संकलन गर्ने,
- संरक्षण पोखरी, माछा पोखरी निर्माण गरी जीविकोपार्जनमा विविधीकरण ल्याउने,
- पानीको पुन:प्रयोग गर्ने,
- उपल्लो क्षेत्रमा नयाँ प्रविधि, साधन तथा श्रोतको माध्यमबाट पानीको व्यवस्था गर्ने र तल्लो क्षेत्रमा पानीको उचित व्यवस्थापन गर्ने,
- सिंचाइको राम्रो व्यवस्था गर्ने,
- नदी तलाउ क्षेत्रमा पर्यापर्यटनको विकास गर्ने ।

# जलश्रोतमा अनुकूलनका उपायहरु











# वैकल्पिक उर्जाको प्रयोग



- दाउराको बचत गर्ने,
- सुधारिएको चुल्हो प्रयोग गर्ने,
- सुधारिएको कोइला भट्टीको प्रयोग गर्ने,
- वैकल्पिक उर्जाहरू जस्तैः बायो ग्यासँ (गोबर ग्याँस), सौर्य टुकी/बत्ती तथा सौर्य ऊर्जा, वायु ऊर्जा, विद्युतीय साधनहरूको प्रयोग गर्ने तथा यस्ता प्रविधिहरूलाई प्रोत्साहन गर्ने,
- व्यक्तिगत भन्दा सार्वजनिक सवारी साधनहरूको प्रयोग गर्ने,
- घरघरमा तथा अन्य सार्वजनिक स्थानहरूमा अनावश्यक तरिकाले बिजुली बत्ती तथा उपकरणहरूको प्रयोग नगर्ने ।

# वैकल्पिक उर्जाको प्रयोग



# जलजन्य प्रकोप वा विपद् न्यूनीकरण




- उपल्लो र तल्लो क्षेत्रमा समन्वय गरी पूर्व सूचना प्रणालीको विकास गर्ने,
- खोलाका किनारमा जैविक बाँध तथा तट्बन्धन लगाउने,
- खोला किनार तथा बाटो छेउमा ग्याबियन पर्खाल लगाउने,
- डुबान क्षेत्रका घरहरूको उचाइ बढाउने,
- धान भकारीहरू उँचो बनाउने तथा धर्म भकारीको व्यवस्था गर्ने,
- बाढी आउन सक्ने क्षेत्रमा दोस्रो तल्लादेखि मात्र बस्न उत्प्रेरित गर्ने,
- विपद् जोखिम न्यूनीकरणका अवधारणाहरू अपनाउने,
- स्थानीय विपद् व्यवस्थापन गर्नको लागि उप-समितिहरू जस्तै: खोज तथा उद्धार उप-समिति, राहत उप-समिति, पूर्वतयारी उप-समिति आदिलाई विभिन्न तालिम प्रदान गर्ने र ज्ञान, सीप र साधन स्रोतले दक्ष बनाउने ।

# जलजन्य प्रकोप वा विपद् न्यूनीकरण









# जनस्वास्थ्यमा अनुकूलनका उपायहरु




- जलवायु परिवर्तन, जनस्वास्थ्यमा असर तथा जलवायु परिवर्तन र महिला स्वास्थ्यका बारेमा छलफल, औपचारिक, अनौपचारिक महिला स्वास्थ्य शिक्षा आदान प्रदान गर्ने,
- सरसफाइमा उचित व्यवस्था गर्ने, फोहरमैला व्यवस्थापनका कार्यहरू गरी लामखुट्टे, झिंगा आदिको व्यवस्थापन गरी विभिन्न रोगहरूको रोकथाम गर्ने,
- स्थानीय स्तरमा जनस्वास्थ केन्द्रहरूको स्थापनाको लागि पहल गर्ने,
- जनचेतनामुलक कार्यक्रमहरू गर्ने,
- स्थानीय स्तरमा भएका प्रदुषणका कारकतत्वहरूको रोकथाम गर्ने,
- पानीबाट सर्ने रोग तथा अन्य सरूवा रोगको समयमै रोकथाम गर्ने ।

# जनस्वास्थ्यमा अनुकूलनका उपायहरु



© केएर नेपाल

# वासस्थान तथा सहरीकरण




- जलवायु मैत्री विकासका अवधारणाहरूलाई जोड दिने,
- घर तथा भौतिक संरचनाहरूलाई बदलिँदो परिस्थिति तथा वातावरण अनुसार निर्माण गर्ने,
- वैकल्पिक उर्जालाई जोड दिने,
- समानुकूलित समुदायको विकास गर्ने ।

# वासस्थान तथा सहरीकरण



# जलवायु अनुकूलन योजनालाई स्थानीय विकास योजनामा समावेश तथा कार्यान्वयन



- जलवायु अनुकूलन राष्ट्रिय एजेण्डा हो भनी स्पष्ट पार्ने र जोखिम न्यूनीकरण गर्न विविध कार्यक्रमहरू कार्यान्वयन गर्न पहल गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सवालहरूलाई विकासको मुल प्रक्रियामा समायोजन गर्न नीति, प्रयास तथा अभ्यासहरू मार्फत मूलप्रवाहीकरण गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धिको प्रयासमा योजना तर्जुमाको उर्द्धगामी प्रक्रियालाई सुनिश्चित गर्दै जलवायु परिवर्तन अनुकूलन सम्बन्धी गतिविधिहरूलाई पनि जिल्ला तथा गाउँस्तरमा विद्यमान स्थानीय विकास योजना तर्जुमा प्रक्रियामा समावेश गर्ने ।

# जलवायु अनुकूलन योजनालाई स्थानीय विकास योजनामा समावेश तथा कार्यान्वयन







# अनुकूलन योजनाको कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने कुराहरु


- प्राविधिकको सहयोगमा स्थानीय समुदायको क्षमता अभिवृद्धि गरी काम गर्ने गराउने, लक्षित वर्गलाई काममा परिचालन गर्ने,
- स्थानीय स्तरको जोखिमयुक्त स्थानहरूको पहिचान गर्ने एवं त्यस्ता स्थलको नक्साङ्कन गर्ने, गराउने र सूचना दिने (विभिन्न तहमा),
- विभिन्न स्थानीय सरोकारवालाहरूसँग समन्वय, सहकार्य गरी जलवायु अनुकूलन योजना कार्यान्वयनको लागि पैरवी गर्ने,
- स्थानीय निकायहरू, जस्तैः कृषि, बैंक, स्वास्थ्य, पशुचिकित्सा आदि सेवाहरुका बिचमा सम्बन्धको विकास गर्ने,
- अनुकूलन योजनाका विभिन्न गतिविधिहरू कार्यान्वयन गर्दा वातावरणमा नकारात्मक प्रभाव नपर्ने हिसाबले गर्ने ।

# अनुकूलन योजनाको अनुगमन, मूल्याङ्कन प्रकृया

## सहभागितामूलक अनुगमन, मूल्याङ्कन, पूनरावलोकन र सिकाइ समिति गठन



# समानुकूलित समुदायको निर्माण गरौं ।



# केही अनुकूलनका अभ्यासहरु



गोरखाको गल्छीनामा खेर गएको पानी संकलन गरी करेसा बारीमा प्रयोग



कास्कीको ठूलाखेतमा सतह सिंचाइ मार्फत सुख्खाको प्रभाव कम गरेको



तनहुँको बाक्सेमा पानी मुहान संरक्षण




गोरखाको गल्छीनामा पहिरो नियन्त्रणको लागि ग्याबियन बक्स बनाएको तथा प्राविधिक सरसल्लाह गर्दै उपभोक्ताहरु



तनहुँको हुस्लाङ्गकोटमा समुदायले विभिन्न निकायको सहयोगमा सोलार मार्फत पानी ताने पछि घर नजिकै धारामा पानी भर्दै समुदाय



बाँकेको टढ्वा गाँउमा विभिन्न सरोकारवालाहरुको संयुक्त लगानीमा बनाएको तटबन्धन




'हरियो वन नेपालको धन' भन्ने प्रचलित नेपाली उखानबाट प्रेरित भएर 'हरियो वन कार्यक्रम' नामाकरण गरिएको हो । अमेरिकी विकास नियोग (युएसएड) द्वारा आर्थिक सहयोग प्रदान गरिएको यस कार्यक्रमको उद्देश्य जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू र जैविक विविधतामा हुने जोखिमहरू न्यूनीकरण गर्नु, वनको संरक्षण र पुनरुत्थान गरी महिला, गरीब तथा वनमा आश्रित समुदायको जीवनयापनमा सघाउ पुऱ्याउनु तथा मानव र पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनबाट हुने प्रभावहरूसँग सामना गर्नसक्ने क्षमता वृद्धि गर्नु रहेको छ । यस उद्देश्य पुर्तिका लागि सरकार, समुदाय, नागरिक समाज र निजी क्षेत्रसँगको सहकार्य आवश्यक छ । यस कार्यक्रमले मानव र प्रकृति बिचको सम्बन्धलाई विशेष आधार बनाएको छ र दुवैको हितको लागि काम गर्दछ । यस कार्यक्रममा विशेषत: ३ अर्न्तविषयक संभाग छन् - जैविक विविधता संरक्षण, रेड प्लस लगायतका पारिस्थितिकीय सेवा शुल्क भुक्तानी र जलवायु परिवर्तन अनुकूलन । यसका साथै यस कार्यक्रमले दिगो जीविकोपार्जन, सुशासन र लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता महत्वपूर्ण पक्षहरूलाई समेत समेटेको छ । हरियो वन कार्यक्रम डब्लु डब्लु एफ नेपालको प्रमुख साझेदारीमा केएर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषको सहकार्यमा कार्यान्वयन गरिएको छ ।

**केएर नेपाल**
पोस्ट बक्स नं १६६१
४/२८८ - समता भवन, धोबीघाट, ललितपुर, नेपाल
फोन: ५५२२८००, इमेल: carenepal@np.care.org
वेबसाइट: www.carenepal.org

**फिल्ड अफिस**
हरियो वन कार्यक्रम, केएर नेपाल
लेखनाथ मार्ग - ९, पोखरा
फोन: ०६१-५२२२४२/४३